# प्रेश विज्ञप्ती

## कालीका पावर कम्पनी लिमिटेडको आयोजनाको अति प्रभावित तथा प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्कासन गरिएका शेयरको बाँडफाँट सम्बन्धमा

श्री काठमाण्डौं क्यापिटल मार्केट लिमिटेड निष्कासन तथा बिक्री प्रवन्धक तथा ग्लोबल आइएमई क्यापीटल लि. सह- बिक्री प्रवन्धक भई निष्कासन भएको आयोजना प्रभावित क्षेत्रका गोरखा जिल्लाका बासिन्दाहरुलाई निष्कासन गरिएको कालीका पावर कम्पनी लिमिटेड, का. म. न. पा., बालुवाटार, काठमाण्डौंको रु.१००/- अंकित दरको ६,००,००० (छ लाख) कित्ता, जस अर्न्तगत रु.१००/– अंकित दरको २,४०,००० कित्ता शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) गोरखा जिल्लाका तत्कालीन मुच्चोक गा.वि.स., सौरपानी गा.वि.स., ताकुमाझ लाकुरीबोट गा.वि.स., मसेल गा.वि.स., श्रीनाथकोट गा.वि.स., ताप्ले गा.वि.स., नारेश्वर गा.वि.स. र गोरखा नगरपालीका वडा नं. ४, ५ तथा १३ (आजिरकोट गाँउपालिका वडा नं. ५, सुलीकोट गाँउपालिका वडा नं. ४, ५ तथा ६, भिमसेन गाँउपालिका वडा नं. १, सीरानचोक गाँउपालिका वडा नं. ७ र गोरखा नगरपालीका वडा नं. २,३,४,५,६ तथा ७ का बासिन्दाहरुको निमित्त ४० प्रतिशत अर्थात २,४०,००० कित्ता तथा गोरखा जिल्लाका अन्य बासिन्दाहरुको लागी ६० प्रतिशत अर्थात ३,६०,००० कित्ता शेयर निष्कासन गर्नको लागि नेपाल धितोपत्र बोर्डबाट मिति २०७४/०९/२१ गतेका दिन स्वीकृती प्राप्त भई मिति २०७४/१०/२१ गतेदेखि मिति २०७४/११/०८ गतेसम्म आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्कासन तथा बिक्री खुल्ला गरिएकोमा संकलन केन्द्रहरुबाट कुल ५८४९ आवेदन फारम मार्फत जम्मा १३,५२,४२९ कित्ता आवेदन प्राप्त भएकोमा रितपुर्वक आवेदन दिनुहुने जम्मा ५८४५ जना आवेदकलाई ६,००,००० (२,४०,००० कित्ता अति प्रभावित तथा ३,६०,००० प्रभावित क्षेत्र) कित्ता शेयर आजको मिति २०७४/१२/०८ गते विहिबारग्लोबल आइएमई क्यापीटल लि.को कार्यालय, जमल, काठमाण्डौंमा नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, निष्कासनकर्ता कम्पनी, निष्कासन तथा बिक्री प्रवन्धक, सह-बिक्री प्रवन्धक र प्रोफेशनल कम्प्युटर सिस्टम प्रा.लि. का प्रतिनिधिहरुको उपस्थितिमा बाँडफाँट गरियो।

श्री कालीका पावर कम्पनी लिमिटेडको बाँटफाँटमा नपरेको रकम फिर्ता भुक्तानी यही मिति २०७४/१२/१३ गतेदेखि शेयर दरखास्त आवेदन फारममा उल्लेख गरेको बैंक तथा वित्तीय संस्थाको बैंक खातामा सोझै Nepal Clearing House Ltd. (NCHL) को Inter Bank Payment System (IPS) द्धारा भुक्तानी गर्ने व्यवस्था मिलाइने व्यहोरा जानकारी गराइन्छ।

रितपुर्वक आवेदन दिनुहुने आवेदकहरु मध्ये आयोजनाका अति प्रभावित तथा प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि क्रमश: १,८९४ जनालाई २,४०,००० तथा ३,९५१ जनालाई ३,६०,००० गरी कूल ५८४८ जना आवेदकहरुलाई ६,००,००० कित्ता शेयर बाँटफाँट गर्न दुईवटा शेयर बाँडफाँट तालिक बनाई उक्त शेयर बाँटफाँट गरिएको जानकारी गराइन्छ।

उक्त बाँटफाँटको नतिजा निष्कासन तथा बिक्री प्रवन्धक काठमाण्डौं क्यापिटल लिमिटेडको वेभसाइट www.kcml.com.np तथा सह-बिक्री प्रवन्धकको वेभसाइट www.globalimecapital.com.np मा उपलब्ध गराइएको व्यहोरा समेत जानकारी गराइन्छ।

स्निग्धा गोरवैता
प्रमुख कार्यकारी अधिकृत
काठमाण्डौं क्यापिटल मार्केट लि.

पारस मणी ढकाल
प्रमुखकार्यकारी अधिकृत
ग्लोबल आइएमई क्यापीटल लि.

Global IME Capital Limited Kathmandu, Nepal

मिति:२०७४/१२/०८